# प्रदेश राजपत्र

बागमती प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ५) हेटौंडा, नेपाल, फागुन ३० गते, २०७८ साल (सङ्ख्या ३६

# भाग ३

बागमती प्रदेश सरकार

## स्वास्थ्य मन्त्रालय

हेटौंडा, नेपालको

## सूचना

### प्रदेश स्तरीय स्वास्थ्य बिमा संयोजन समितिको गठन तथा काम, कर्तव्य र अधिकार

१. **प्रदेश स्वास्थ्य बिमा संयोजन समिति गठनः** (१) स्वास्थ्य बिमा नियमावली, २०७५ को नियम २५ ले दिएको अधिकार प्रयोग गरी स्वास्थ्य बिमा सम्बन्धमा समन्वय गर्न प्रत्येक प्रदेशमा प्रदेश सरकारले तोके बमोजिमको एक प्रदेश स्वास्थ्य बिमा संयोजन

समिति रहने कानूनी व्यवस्थालाई कार्यान्वयनमा ल्याउन बागमती प्रदेश सरकारले देहाय बमोजिमको प्रदेश स्वास्थ्य बिमा संयोजन समिति गठन गरेको छ,-

(क) सचिव, स्वास्थ्य मन्त्रालय -संयोजक

(ख) निर्देशक, स्वास्थ्य निर्देशनालय -सदस्य

(ग) निर्देशक, स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र -सदस्य

(घ) कार्यालय प्रमुख/प्रतिनिधि स्वास्थ्य बिमा बोर्ड, बागमती प्रदेश -सदस्य

(ङ) प्रतिनिधि (अधिकृतस्तर), आर्थिक मामिला तथा योजना मन्त्रालय -सदस्य

(च) महाशाखा प्रमुख, योजना, अनुगमन तथा जनस्वास्थ्य महाशाखा, स्वास्थ्य मन्त्रालय -सदस्य

(छ) सेवा प्रदायक संस्था (सरकारी/निजी) को तर्फबाट एक/एक जना गरी स्वास्थ्य मन्त्रालयले मनोनयन गरेका २ जना -सदस्य

(ज) बिमा र स्वास्थ्य क्षेत्रको अनुभव हासिल गरेका एक महिला सहित स्वास्थ्य मन्त्रालयले मनोनयन गरेका दुईजना -सदस्य

(झ) महाशाखा/शाखा प्रमुख, अस्पताल विकास तथा चिकित्सा सेवा महाशाखा, स्वास्थ्य मन्त्रालय -सदस्य-सचिव

(२) उपदफा (१) को खण्ड (छ) र (ज) को सदस्यको पदावधि दुई वर्षको हुनेछ ।

२. **<u>सदस्यबाट हटाउन सक्ने</u>:** दफा (१) को उपदफा (१) खण्ड (छ) र (ज) का सदस्यले पदीय जिम्मेवारी पूरा नगरेमा स्वास्थ्य मन्त्रालयले जुनसुकै बखत सदस्यलाई हटाउन सक्नेछ।

तर यसरी हटाउनु अघि सफाई पेश गर्ने मौका दिनु पर्नेछ ।

३. **<u>प्रदेश स्वास्थ्य बिमा संयोजन समितिको बैठकको कार्यविधि र सचिवालय</u>**: (१) प्रदेश स्वास्थ्य बिमा संयोजन समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(२) समितिको सचिवालय स्वास्थ्य मन्त्रालय, बागमती प्रदेशमा रहनेछ ।

(३) समितिले आवश्यकता अनुसार समितिको बैठकमा विज्ञ वा अन्य व्यक्तिलाई सदस्यको रुपमा आमन्त्रण गर्न सक्नेछ।

४. **<u>प्रदेश स्वास्थ्य बिमा संयोजन समितिको काम, कर्तव्य र अधिकार</u>**: स्वास्थ्य बिमा नियमावली, २०७५ को नियम २५ को उपनियम (२) बमोजिम बागमती प्रदेश स्वास्थ्य बिमा संयोजन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ,-

(क) प्रदेशभित्र स्वास्थ्य बिमा कार्यक्रम विस्तार गर्नका लागि प्रबर्धनात्मक कार्यमा सहयोग गर्ने,

(ख) प्रदेश सरकार अन्तर्गतका सरकारी तथा सार्वजनिक संघ संस्थाहरुको कर्मचारी र निजको परिवारलाई स्वास्थ्य बिमाको दायरामा ल्याउन आवश्यक व्यवस्था गर्ने,

(ग) अति गरिब/आर्थिक रुपले विपन्न परिवारलाई स्वास्थ्य बिमा कार्यक्रममा आबद्ध गराउन प्रदेश सरकार र स्वास्थ्य बिमा बोर्ड बीच समन्वय गर्ने,

(घ) नसर्ने रोगको नियन्त्रण तथा उपचारका लागि स्वास्थ्य बिमा कार्यक्रमले दिई आएको सुविधा उपलब्ध गराउन वा वृद्धि गर्न स्वास्थ्य बिमा बोर्डसँग सहकार्य गर्ने,

(ङ) कार्यक्रमगत रुपमा स्वास्थ्य बिमा बोर्डलाई शसर्त अनुदान उपलब्ध गराउन पहल गर्ने,

(च) प्रदेश सरकार अन्तर्गत रहेको स्वास्थ्य सेवा प्रदायक अस्पताल तथा स्वास्थ्य संस्थाहरुको सेवाको गुणस्तर वृद्धि गर्ने गराउने,

(छ) स्वास्थ्य बिमा अन्तर्गत प्रदान गरिने औषधिहरु प्रदेश सरकार अन्तर्गतका स्वास्थ्य संस्थाद्वारा सञ्चालित फार्मेसीमा सहज रुपमा उपलब्ध हुने व्यवस्था गर्ने गराउने,

(ज) प्रदेश सरकार अन्तर्गतका स्वास्थ्य संस्थाहरुमा निरन्तर चिकित्सकको उपलब्धता हुने व्यवस्था गर्ने गराउने,

(झ) प्रदेश सरकार अन्तर्गतका स्वास्थ्य संस्थाहरुमा आवश्यक स्वास्थ्य उपकरण उपलब्धता, प्रयोगशाला सेवामा निरन्तरता तथा स्तरोन्नति र पूर्वाधार अभिवृद्धिमा सहयोग गर्ने,

(ञ) स्वास्थ्य बिमा कार्यक्रम प्रवर्द्धन र विस्तारका सन्दर्भमा स्थानीय तह, स्वास्थ्य बिमा बोर्ड तथा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसँग समन्वय गर्ने,

(ट) प्रदेश सरकारको सहकार्य र सहभागितामा अति गरिब/आर्थिक रुपले विपन्न परिवार लगायतका लक्षित वर्गलाई स्वास्थ्य बिमाको दायरामा ल्याउन पहल गर्ने,

(ठ) स्वास्थ्य बिमामा लक्षित वर्गको आबद्धतालाई विस्तार गर्न स्थानीय तहसँग आवश्यक समन्वय र सहकार्य गर्ने,

(ड) सेवा प्रदायक अस्पताल तथा स्वास्थ्य संस्थाहरुको भुक्तानी दाबी र स्वास्थ्य बिमा कार्यक्रमसँग सम्बन्धित अन्य विषयमा सहजीकरण गर्ने,

(ढ) प्रदेश स्वास्थ्य बिमा संयोजन समितिले आवश्यक देखेका स्वास्थ्य बिमा कार्यक्रमसँग सम्बन्धित अन्य विषयहरुमा कार्य गर्ने, गराउने।

**आज्ञाले,**
**बद्री बहादुर खड्का**
**प्रदेश सरकारको सचिव**



आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश, हेटौंडामा मुद्रित।
मूल्य रु. ५।-